आज मिति २०८१ साल मंसिर १९ गते बुधबार यस हेटौडा उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मिना कुमारी लामाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिति

| सि. नं. | नाम थर | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री मिना कुमारी लामा | नगर प्रमुख | | |
| २ | श्री राजेश बानिया | नगर उपप्रमुख | | |
| ३ | श्री सविन न्यौपाने | वडा अध्यक्ष | १ | |
| ४ | श्री विष्णु गोपाल महर्जन | वडा अध्यक्ष | २ | |
| ५ | श्री ढलक बहादुर थापा | वडा अध्यक्ष | ३ | |
| ६ | श्री नविन सिग्देल | वडा अध्यक्ष | ४ | |
| ७ | श्री सुशील घिमिरे | वडा अध्यक्ष | ५ | |
| ८ | श्री विष्णु बहादुर दहाल | वडा अध्यक्ष | ६ | |
| ९ | श्री दामोदर गौतम | वडा अध्यक्ष | ७ | |
| १० | श्री राम कृष्ण थापा | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सुकराम केसी | वडा अध्यक्ष | ९ | |
| १२ | श्री फूर्वा दोर्जे तमाङ्ग | वडा अध्यक्ष | १० | |
| १३ | श्री जुना दाहाल | वडा अध्यक्ष | ११ | |
| १४ | श्री अर्जुन प्रसाद तिवारी | वडा अध्यक्ष | १२ | |

| | | | | |
|---|---|---|---|---|
| १५ | श्री पेम्बा लामा | वडा अध्यक्ष | १३ | |
| १६ | श्री दिपक खड्का | वडा अध्यक्ष | १४ | |
| १७ | श्री सुनिल मुक्तान | वडा अध्यक्ष | १५ | |
| १८ | श्री रामकृष्ण कोइराला | वडा अध्यक्ष | १६ | |
| १९ | श्री उद्धव सत्याल | वडा अध्यक्ष | १७ | |
| २० | श्री अनिल कुमार बानिया | वडा अध्यक्ष | १८ | |
| २१ | श्री नरनाथ सुवेदी | वडा अध्यक्ष | १९ | |
| २२ | श्री अर्जुन बहादुर राई | कार्यपालिका सदस्य | | |
| २३ | श्री विर बहादुर विक | कार्यपालिका सदस्य | | |
| २४ | श्री शंकर राई | कार्यपालिका सदस्य | | |
| २५ | श्री पातली माया गोड्वा | कार्यपालिका सदस्य | | पातली |
| २६ | श्री रुक्मिणी गोड्वा | कार्यपालिका सदस्य | | |
| २७ | श्री साधना श्रेष्ठ | कार्यपालिका सदस्य | | |
| २८ | श्री ईश्वरी विक | कार्यपालिका सदस्य | | |
| २९ | श्री मञ्जु भुर्तेल | कार्यपालिका सदस्य | | |
| ३० | श्री सूर्य प्रसाद गौतम | सदस्य सचिव | | |

## निर्णयहरु:

१) प्रस्तावः प्रगति समिक्षा सम्बन्धमा।

निर्णयः ५६ औं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो।

२) प्रस्तावः अनुमोदन सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकाले साविकमा हेटौंड-१० बसपार्क क्षेत्रमा रहेको फलफूल तथा तरकारी थोक एवम् खुद्रा बजारलाई हेटौंडा-१ चौकीटोल रासी (नदि छेउ) नदी उकास क्षेत्रमा व्यवसायी र उपमहानगरपालिकाको संयुक्त लगानीमा फलफूल तथा तरकारी बजार निर्माण गरी स्थानान्तरण भएपश्चात बजारको सञ्चालन एवम् व्यवस्थापनको कार्य नेपाल फलफूल तथा तरकारी व्यवसाय संघले गर्दै आइरहेकोमा त्यसलाई व्यवस्थित गरी कानून सम्मत रुपमा तरकारी बजार सञ्चालन गर्न तरकारी तथा फलफूल व्यवसाय संघ र हेटौंडा उपमहानगरपालिका बीच मिति २०८१/०८/१२ मा भएको सहमतिपत्रमा भएको व्यहोरालाई अनुमोदन गर्ने ।

३) प्रस्तावः स्रोतान्तर सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रमहरु तोकिएकै समयमा कार्यान्वयन भएता पनि स्रोतको अभावले भुक्तानी दिन नसकिएको हुँदा चालु आर्थिक वर्षको बजेट पारित हुँदा बजेट तथा योजना तर्जुमा शाखाबाट पेस भएको तपसिल बमोजिमको कार्यक्रम र खर्च शीर्षकहरुमा तत्काल भुक्तानी दिनु पर्ने तथा खर्च शीर्षक फरक पर्न गएकोले स्रोतान्तर गरी खर्च शीर्षक परिमार्जन गर्ने र यसलाई आगामी नगर सभावाट अनुमोदन गर्ने ।

<u>तपसिल</u>

| सि.नं. | योजना/कार्यक्रमको नाम रकम | हाल कायम रहेको स्रोत | स्रोतान्तर हुने स्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | खेल मैदान स्तरीकरण, वडा नं. ९, रकम रु.१० लाख | राजस्व बाँडफाँड स्थानीय नगद | आन्तरिक स्रोत नगद | |
| २ | स्वास्थ्य सम्बन्धी कार्यक्रम (लामसुरे शहरी स्वास्थ्य केन्द्रको लागि औषधि खरिद) वडा नं. ९, रकम रु.१० लाख | आन्तरिक स्रोत नगद | राजस्व बाँडफाँड स्थानीय नगद | |
| ३ | ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण, वडा नं.१६, रकम रु.५ लाख | राजस्व बाँडफाँड स्थानीय नगद | राजस्व बाँडफाँड संघीय सरकार नगद | |
| ४ | सामुदायिक भवन निर्माण, वडा नं.१६, रकम रु. ५,६४,३३७ | राजस्व बाँडफाँड स्थानीय नगद | राजस्व बाँडफाँड संघीय सरकार नगद | |
| ५ | शवदाह स्थल निर्माण शक्तिखोला, वडा नं.१६ रु.५ लाख | राजस्व बाँडफाँड संघीय सरकार नगद | राजस्व बाँडफाँड स्थानीय नगद | |
| ६ | जरुङ गुम्वा मुर्ति निर्माण, वडा नं. १६, रु.५,६४,३३७।०० | राजस्व बाँडफाँड संघीय सरकार नगद | राजस्व बाँडफाँड स्थानीय नगद | |

प्रमाणीकरण गरियो !
दस्तखतः ...............
नामः सूर्य प्रसाद गौतम
पदः प्रमुख प्रशासकीय अधिकृत
मितिः २०८१।०८।१९

४) प्रस्तावः नगरसभा सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकाको नगरसभाको (हिँउदे) १६ औं अधिवेशन देहायको मिति, समय र स्थानमा सञ्चालन गर्ने गरी आह्वान गर्नेः

देहायः

मितिः २०८१।०९।०५ गते शुक्रबार

समयः दिउँसो १ बजे

स्थानः हेटौंडा उपमहानगरपालिका परिसर

५) प्रस्तावः जग्गा सिफारिस सम्बन्धमा ।

निर्णय(क): बागमती प्रदेश विश्व विद्यालय केन्द्रिय कार्यालय, हेटौंडा, मकवानपुरको च.नं. ५५ मिति २०८१।०८।१२ गतेको पत्रबाट विश्व विद्यालयको भवन निर्माण गर्नका लागि जग्गा माग भई आएको सन्दर्भमा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा (४) बमोजिमको प्रकृयाको लागि हेटौंडा उपमहानगरपालिका वड नं. १७ स्थित श्री बालबोध माध्यमिक विद्यालयको नाममा दर्ता रहेको कि.नं. ५१० को जग्गामा विश्व विद्यालयको भवन निर्माण कार्य अगाडि बढाउन सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय र सम्बन्धित वडा कार्यालयको सिफारिस समेतको आधारमा जग्गा उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

निर्णय(ख): स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश सरकारको च.नं. ३१ मिति २०८१।०४।३१ गतेको पत्रबाट खोप भन्डारण गृह निर्माण र थप औषधि एवम् औषधिजन्य सामाग्रीहरु भण्डारण तथा प्रादेशिक बायोमेडिकल वर्कशप सञ्चालन गर्नका लागि ३ कठ्ठा जग्गा माग भई आएको सन्दर्भमा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा (४) बमोजिमको प्रकृयाको लागि हेटौंडा उपमहानगरपालिका वड नं. १० मा रहेको खाली जग्गा सम्बन्धित वडा कार्यालयको सिफारिस समेतको आधारमा उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

६) प्रस्तावः सवारी साधन हस्तान्तरण सम्बन्धमा ।

निर्णयः बागमती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, झुरझुरे, मकवानपुरबाट च.नं. ६४१ मिति २०७१।०७।२० को प्राप्त पत्रानुसार यस कार्यालयमा रहेको ना.१.ग. ८३३ नं. को दमकल १ थान, ना.२.च. २६७ नं. को पिकअप भ्यान १ थान, ना.२.च. ३६०८ नं. को टाटा सुमो १ थान माग गरेकोले यस कार्यालयमा भएको उपरोक्त बमोजिमका सवारी साधन नियमानुसार उक्त गाउँपालिकालाई निःशुल्क हस्तान्तरण गर्ने ।

७) प्रस्तावः कृषि एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकाबाट जारी भएको कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८१ को व्यवस्था बमोजिम यस कार्यालयबाट खरिद भएको कृषि एम्बुलेन्स सञ्चालनका लागि कृषि सहकारी/कृषक समूहसँग मिति २०८१।०७।२७ मा प्रकाशित सूचनामा प्रस्ताव आह्वान गरिएको, सूचनामा तोकिएको समयावधि भित्र २ वटा संस्था (भविष्य कृषि सहकारी संस्था लि.हेटौंडा-१४ र आधामार कृषक समूह हेटौंडा-१३) बाट प्रस्ताव प्राप्त भएको, प्राप्त प्रस्तावहरुको स्वीकृत मापदण्ड बमोजिम अध्ययन विश्लेषण गर्दा सारभूत रुपमा प्रभावग्राही देखिएको हेटौंडा-१३ स्थित आधामार कृषक समूहलाई कृषि एम्बुलेन्स सञ्चालन गर्न दिने भनी भएको निर्णयलाई अनुमोदन गर्ने ।

प्रमाणीकरण गरियो ।
दस्तखतः ..........
नामः सूर्य प्रसाद गौतम
पदः प्रमुख प्रशासकीय अधिकृत
मितिः २०८१।०८।१९

८) प्रस्तावः सेवाबाट अवकास सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरु स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ बमोजिम सुरु स्थायी नियुक्ति हुँदा उक्त कानून बमोजिम अनिवार्य अवकासको उमेरको हद ५८ वर्ष भएकोमा राज्यको पुनरसंरचना पश्चात कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुको हकमा बागमती प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ७९ बमोजिम अनिवार्य अवकाशको हदमा केही परिमार्जन भएको, सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमा ससरी जिल्ला, हनुमाननगर कंकालिनी न.पा. वडा नं. १४ स्थायी घर भई कृषि ज्ञान केन्द्र, राजविराज, सप्तरीमा अधिकृत पद, अधिकृत छैठौं तहमा कार्यरत सुब्बालाल मण्डल निवेदक भई विरुद्धमा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं समेत भएको रिट नं. ०७९-WO-००१५ को उत्प्रेषण परमादेश मुद्धामा स्थायी नियुक्ति हुँदा जुन कानून अनुसार नियुक्ति भएको हो सोही कानून बमोजिमको अनिवार्य अवकासको उमेरको हद कायम हुने र अनिवार्य अवकासको उमेरको हद भन्दा बढि समय काम गरेको भएमा श्रम ऐन बमोजिम काम गरेको अवधिको तलब भत्ता फिर्ता गर्नु नपर्ने गरी अन्तिम आदेश भएको हुँदा यस उपमहानगरपालिकामा विभिन्न तहगत निकायहरुबाट समायोजन भएका कार्यरत स्थायी कर्मचारीहरुको हकमा समेत सम्मानित सर्वोच्च अदालतको फैसलालाई आधार मानी कर्मचारीको अनिवार्य अवकासको उमेर हद कायम गर्ने।

९) प्रस्तावः अध्ययन विदा सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा पदाधिकार रही हाल आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेशमा काजमा कार्यरत अधिकृत आठौं तह, बरिष्ठ इन्जिनियर पदमा प्राविधिक सेवा तर्फ कार्यरत स्थायी कर्मचारी श्री सर्वेश बन्जाराले निजी प्रयासमा आफ्नो सेवा समूहसँग मिल्ने विषयमा पि.एच.डि. तह अध्ययन गर्नका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को प्रावधान बमोजिम अध्ययन विदा स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस माग गर्नु भएकोमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ५९ बमोजिम उपदफा (५) मा भएको व्यवस्था बमोजिम अध्ययन अवधिभरको तलब भत्ता तथा अन्य सेवा सुविधा उपलब्ध नगराउने गरी अध्ययन पूर्वको स्विकृति दिई अध्ययन विदा स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशमा सिफारिस गर्ने ।

१०) प्रस्तावः योजना स्वीकृती सम्बन्धमा ।

निर्णयः यस हेटौडा उपमहानगरपालिका कार्यालय अन्तर्गत तपसिल वमोजिम आयोजनाहरुको लागि रकम माग भई आएकोले तपसिल वमोजिम शिर्षकवाट तपसिल वमोजिम रकम विनियोजन गर्ने ।

तपसिल

| सि.नं. | आयोजनाको नाम | स्वीकृत रकम | वजेट शिर्षक | खर्च शिर्षक |
|---|---|---|---|---|
| १ | हंसलोक जनकल्याण भवन संरक्षण एवम् तटवन्धन हेटौडा,०३ | १०,००,०००।०० | धार्मिक संस्था पुर्वाधार निर्माण | ३११५४ |

प्रमाणीकरण गरियो !
दस्तखतः
नामः सूर्य प्रसाद गौतम
पदः प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७९/०८/१९

११. प्रस्तावः आर्थिक/अनुदान/कार्यक्रम सहयोग सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकामा विभिन्न मितिमा आफ्नो आर्थिक अवस्था कमजोर भई दैनिक जीविकोपार्जन र स्वास्थ्य सम्बन्धी उपचार गर्न असमर्थ भएको विषय उल्लेख गरी वडा कार्यालयको सिफारिस सहित आर्थिक सहयोग माग भई आएका साथै विभिन्न सामाजिक, साँस्कृतिक र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन सहयोग भएका संलग्नबमोजिमका निवेदनहरु उपर हेटौंडा उपमहानगरपालिका विकास कार्यक्रम सहायता कार्यविधि, २०८० र अन्य प्रचलित कानून बमोजिम देहायबमोजिमको सहयोग उपलब्ध गराउने:

देहाय

| सि.नं. | सहयोग प्राप्त गर्नेको नाम थर/कार्यक्रम | ठेगाना | सहयोग रकम रु. | खर्च व्यहोर्ने शीर्षक |
|---|---|---|---|---|
| १ | आरोन थिङ जन्मसिद्ध मलद्वार नभएको, फार्मेसीको नाममा भुक्तानी दिने | हेटौंडा-१५ | २,५८,९०६।०० | आर्थिक सहायता दिनदुखी उपचार तथा अन्य सामाजिक खाद्यान्न तथा लत्ताकपडा |
| २ | श्री निला शर्मा गौतम, क्यान्सर रोगको उपचारको लागि सहयोग | हेटौंडा-५ | १,००,०००।०० | आर्थिक सहायता दिनदुखी उपचार तथा अन्य सामाजिक खाद्यान्न तथा लत्ताकपडा |
| ३ | श्री नेपाल हक्की संघ, दोस्रो हेटौंडा कप अन्तरपालिका राष्ट्रिय पुरुष हक्की प्रतियोगिता सञ्चालनको लागि | मकवानपुर | ५,००,०००।०० | मागमा आधारित खेलकुद सहयोग कार्यक्रम (राष्ट्रिय तथा अन्तराष्ट्रिय) खर्च शीर्षक नं. २२५२२क.सं.नं.४०/४१/४२ पेज नं. १५० |

१२. प्रस्तावः अख्तियारी सम्बन्धमा ।

निर्णयः सम्मानित सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत र अन्य न्यायिक निकायहरुमा कार्यालयको तर्फबाट उजुरी, फिराद र निवेदन गर्न तथा हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, न्यायिक समिति, नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा कार्यालय, वडा अध्यक्ष, स्थानीय पञ्जिकाधिकारी लगायतलाई विपक्षी बनाई दायर हुने मुद्दाहरुमा निवेदन दर्ता गर्न, लिखित जवाफ दर्ता गर्न, कानून व्यवसायी मुकरर गर्न, तारेखमा बसी मुद्धाको पुर्पक्ष गर्न, वारेस मुकरर गर्न र अन्य आवश्यक सम्पूर्ण कार्य गर्नको लागि कानून शाखा प्रमुख लक्ष्मण मैनाली, अधिकृत छैठौं सुजन तिमल्सिना, सहायक पाँचौ सरस्वती धिमाल, अधिकृत छैठौं गोमा सुवेदीलाई अख्तियारी प्रदान गर्ने। तर सर्वोच्च अदालत काठमाडौं, उच्च अदालत पाटन, ललितपुर लगायत हेटौंडा उपमहानगरपालिका क्षेत्र भन्दा बाहिरका अदालत तथा न्यायिक निकायमा परेको मुद्धामा तहाँका कानून बमोजिम अख्तियार दिन मिल्ने व्यक्तिलाई अख्तियारी दिन बाधा परेको मानिने छैन । साथै यसरी अख्तियारी प्रदान गर्दा अख्तियार प्राप्त व्यक्तिलाई प्रति मुद्धा तारेख लिए बापत कर सहित रु.१,५००।०० र यसका अतिरिक्त भएको खर्च प्रमाण पेस गरेमा विल बमोजिमको रकम भुक्तानी उपलब्ध गराउने ।

प्रमाणीकरण गरियो !
दस्तखत:
नाम: सूर्य प्रसाद गौतम
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: २०८१/०८/१६